कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर ,बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८१/०८२ (शिक्षा तथा खेलकुद शाखा)

च.नं. २२५

मिति : २०८१/१०/२२ गते

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
कोहलपुर नगरपालिका, बाँके।

विषय : आधारभूत तह (कक्षा ५ र ८ ) को परीक्षाको आवेदन/ रजिष्ट्रेसन फाराम भर्ने/भराउने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा कोहलपुर नगरपालिका,नगरस्तरीय आधारभूत तह परीक्षा संचालन तथा मूल्यांकन समन्वय समितिको मिति २०८१/०९/२८ को निर्णयानुसार शैक्षिक सत्र २०८१ को आधारभूत तह (कक्षा ५ र ८) को अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीहरुको विवरण पछि सम्म फरक नपर्ने गरी तपसिल बमोजिमका प्रावधान तथा कागजात सहित आवेदन/रजिष्ट्रेसन फाराम २०८१ फाल्गुन १० गते भित्र भर्ना/भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल :**

- IEMIS मा परीक्षार्थीहरुको वैयक्तिक विवरण (नामथर,जन्ममिति, आमा/बुवाको नामथर) जन्मदर्ता अनुसार पछि सम्म फरक नपर्ने गरी भर्ने।
- विद्यालयले आफ्नो Iemis Login गरी Dashboard मा भएको Manage Exam मा गई Admit Card मा विद्यार्थीहरुको रोल नम्बर कायम गर्ने, विद्यार्थीको विवरण रुजु गरी विवरण सही भएमा २ प्रति फाराम प्रिन्ट गरी विद्यार्थीको समेत हस्ताक्षर गराई प्रधानाध्यापकले समेत प्रमाणित गरी शाखामा पेश गर्ने।
- विद्यार्थीको रोल नम्बर कायम गर्दा अंग्रेजी वर्णानुक्रमानुसार गर्ने, जसमा सुरुको दुई अंक ८१, दुई अंक साविक गाविसको कोड,त्यसपछिको तीन अंक विद्यालयको Iemis को अन्तिम कोड र अन्तिमका तीन अंक विद्यार्थीको रोल नम्बर कायम गर्ने। जस्तै त्रिभुवन नमुना माध्यमिक विद्यालयको कोड ५७०२५००१० हो। उक्त विद्यालयका विद्यार्थीहरुको रोल नम्बर ८१२५०१०००१ बाट सुरु भए जस्तै अन्य विद्यालयहरुको यसरी नै कायम गर्ने।
- परीक्षा फारामसँगै सम्बन्धित विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि, कक्षा ८ मा अन्य विद्यालयबाट स्थानान्तरण भई आएका विद्यार्थीहरुको कक्षा ७ को ग्रेडसिट र स्थानान्तरण प्रमाण पत्र तथा कक्षा ५ को हकमा कक्षा ४ को ग्रेडसिट र स्थानान्तरण प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्ने।
- नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि संस्थागत विद्यालयहरुले कक्षा-५ को लागि प्रति विद्यार्थी रु ५०० (पाँच सय रुपैयाँ मात्र) र कक्षा-८ का लागि प्रति विद्यार्थी रु ८००/- (आठ सय रुपैयाँ मात्र) का दरले हुन आउने रकम कोहलपुर नगरपालिकाको कृषि विकास बैंकमा रहेको विविध खर्च खाता "ग" २७ (०७२०५०१०००२३५३९१) मा बुझाई रसिद अनिवार्य रुपमा पेश गर्नु पर्ने।
- अन्त्यमा सबै विवरण भरी सके पश्चात समष्टीगत फारामका लागि Manage Exam को Control Sheet प्रिन्ट गरी प्रधानाध्यापकबाट प्रमाणित गरी विद्यालयको पत्र सहित शिक्षा शाखामा पेश गर्ने।
- IEMIS सम्बन्धी प्राविधिक सहयोग तथा थप जानकारी चाहिएमा शाखामा सम्पर्क राख्नु होला।

२०८१/१०/२२

..................

रामबहादुर हमाल

उप सचिव

रामबहादुर हमाल
उप सचिव